आज मिति २०७७ साल बैशाख ६ गतेका दिन सुदूरपश्चिम प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, धनगढी, कैलालीका प्रमुख सचिव श्री रामकृष्ण सुवेदीज्यूको अध्यक्षतामा यस प्रदेशका मन्त्रालयका सचिव तथा प्रतिनिधिज्यूको उपस्थितिमा बैठक बसी विविध समसामयिक विषयहरूमा छलफल तथा निर्णयहरू गरियो ।

उपस्थिति :-

१. प्रमुख सचिव श्री रामकृष्ण सुवेदी, मुख्यमन्त्री तथा म.प.को कार्यालय
२. प्रदेश सचिव श्री कृष्ण बहादुर राउत, आन्तरिक मामिला तथा का.मं.
३. प्रदेश सचिव श्री सुमनराज अर्याल, आर्थिक मामिला तथा यो.मं.
४. प्रदेश सचिव श्री हरिप्रसाद लम्साल, सामाजिक विकास मन्त्रालय
५. प्रदेश सचिव श्री किसनलाल भट्ट, ~~भौतिक पूर्वाधार विकास~~ भूमिव्यवस्था कृषि तथा सहकारी मन्त्रालय
६. प्रदेश सचिव श्री इन्द्रदेव भट्ट, भौतिक पूर्वाधार विकास मन्त्रालय.
७. नि.प्रदेश सचिव श्री जनक पाध्या, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय

निर्णयहरू :-

१. भावी परिस्थितिलाई मध्यनजर गरी सरकारी भवन, संस्थान भवन तथा विद्यालयहरूको भवन सामाजिक विकास मन्त्रालयसित समन्वय गरी भौतिक पूर्वाधार विकास मन्त्रालयले मर्मत, निर्माण कार्य गर्ने ।
२. अग्रपंक्ति (Front line) मा ~~रहि~~ काम गर्ने चिकित्सक तथा स्वास्थ्यकर्मी, कर्मचारीहरू र सुरक्षाकर्मीहरूलाई क्वारेन्टाइनमा राख्नुपर्ने भए आवश्यकतानुसार सबै जिल्लामा सामाजिक विकास मन्त्रालय तथा आन्तरिक मामिला तथा कानून मन्त्रालयसँग समन्वय गरी होटल एवं वास व्यवस्थापनको कार्य उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयले गर्ने ।
३. आगामी आ.व. २०७७/७८ का लागि बजेट सिलिङ्ग प्राप्त भएपछि निर्दिष्ट समयमा सबै मन्त्रालय तथा निकायहरूले बजेट तर्जुमा गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने ।
४. कोरोना भाइरस (COVID-19) रोग नियन्त्रण तथा उपचार लगायतका कार्यहरूका सम्बन्धमा सबै मन्त्रालयहरूले समन्वयात्मक ढंगले कार्य गर्ने,
५. आन्तरिक मामिला तथा कानून मन्त्रालयले कोरोना भाइरस (COVID-19) रोग तथा अन्य सुरक्षा स्थितिलाई समेत मध्यनजर गरी सीमा क्षेत्रमा CCTV क्यामेरा जडान गरी निगरानी गर्न सकिने कार्यको सम्भाव्यता अध्ययन गर्ने ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश

०७७/१/६
प्रमुख सचिव